लक्ष्मीनियाँ गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

प.सं. :-०७९/०८०
च.नं. :- १०६६

Email-(laxminiyamun@gmail.com)

मिति : २०७९/१२/२१

श्री नापी विभाग मीनभवन,
काठमाण्डौं ।

विषय : भूमि वर्गीकरण सम्बन्धमा ।

उपरोक्त सम्वन्धमा यस गाउंपालिकाको आफ्नो कार्यक्षेत्र भित्र रहेको जग्गाहरुको भू-उपयोग ऐन, नियमावली बमोजिम भूमि वर्गिकरण कार्य सम्पन्न भई सकेको हुँदा तपशिल बमोजिमको निर्णयहरुको प्रतिलिपी,नक्सा र सोको डिजिटल डाटा यसै साथ संलग्न राखी पठाएको व्यहोरा अनुरोध छ । साथै संलग्न नक्सा बमोजिम किताकाट गर्ने व्यवस्थाको लागी समेत अनुरोध छ ।

तपसिलका कागजातहरु :

१. मापदण्ड र सोको निर्णय
२. नक्सा पासको निर्णय
३. अध्यावधिक भू-उपयोग क्षेत्रको नक्सा र सोको डिजिटल डाटा ।

बोधार्थ
श्री भूमि व्यवस्था,सहकारी तथा गरीवी निवारण मन्त्रालय,सिंहदरवार,काठमाण्डौं ।
श्री भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय,मधेश प्रदेश,जनकपुरधाम,धनुषा ।
श्री श्री नापी कार्यालय जनकपुरधाम,धनुषा ।
श्री मालपोत कार्यालय जनकपुरधाम,धनुषा ।

२०७९/१२/२१
नागेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९ साल चैत्र २९ गते बुधवारको दिन यस लक्ष्मीनियाँ गाउँपालिकाको स्थानीय भूउपयोग परिषदको अध्यक्ष श्री भोगेन्द्र मिश्र ज्यूको अध्यक्षतामा तपशिल अनुसारका सदस्यहरुको उपस्थितिमा बैठक बसी विभिन्न विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

उपस्थिति

| सि.नं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भोगेन्द्र मिश्र | अध्यक्ष | |
| २ | फुल कुमारी यादवनी | उपाध्यक्ष | फुलकुमारी |
| ३ | दिलिप कुमार यादव | वडा अध्यक्ष (वडा नं.१) | |
| ४ | लालजी साह तेली | वडा अध्यक्ष(वडा नं.२) | |
| ५ | तेज कुमार यादव | वडा अध्यक्ष(वडा नं.३) | |
| ६ | रमेश कुमार साह | वडा अध्यक्ष(वडा नं.४) | |
| ७ | दुखरण यादव | वडा अध्यक्ष(वडा नं.५) | |
| ८ | महावीर प्रसाद साह | वडा अध्यक्ष(वडा नं.६) | |
| ९ | गंगा साह | वडा अध्यक्ष(वडा नं.७) | |
| १० | संगिता साह | सदस्य | संगीता |
| ११ | श्यामा देवी | सदस्य | श्यामा |
| १२ | कोशिला देवी यादव | सदस्य | कोशिला |
| १३ | कुसुम कुमारी साह | सदस्य | |
| १४ | रिखो देवी खत्वे | सदस्य | रिखो देवी |
| १५ | राम प्रवोध साह सुडी | सदस्य | |
| १६ | नागेन्द्र यादव | सदस्य सचिव | |

विशेष आमन्त्रित

| सि.नं. | नाम | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | किसन साह | च.अ. | नापी कार्यालय,धनुषा | |
| २ | कृपानन्द यादव | ईन्जिनियर | Appolo Engineeing and Company Pvt.Ltd.Ktm | |
| ३ | जितेन्द्र मण्डल | ईन्जिनियर | Appolo Engineeing and Company Pvt.Ltd.Ktm | |

**प्रस्ताव तथा निर्णयहरु :-**

प्रस्ताव नं १ - जग्गा वर्गीकरण भूउपयोग नक्सा अध्यावधिक तथा वर्गीकरणका लागि मापदण्ड स्वीकृत सम्बन्धमा ।

निर्णय नं १ - प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिकाको भूउपयोग नक्सा अध्यावधिक तथा वर्गीकरण कार्यको लागि सम्झौता गरिएको एपोलो इन्जिनियरिङ एण्ड कम्पनी प्रा. लि. बाट तयार गरिएको भूउपयोग नक्साको प्रस्तुतिकरणमा पेस भई छलफल भएको आधारमा तपसिल बमोजिम मापदण्ड निर्धारण गर्नको लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

तपशिल

१ हाल उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भए बाहेक बाँकी क्षेत्रमा वर्गीकरण गर्ने ।

२ सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गालाई सार्वजनिक क्षेत्रमा वर्गीकरण गर्ने ।

३ हाल उपयोगमा रहेका नदीनाला, ताल तलैया, पोखरी (निजी बाहेक) लगायतका पानीजन्य उपयोग क्षेत्रलाई नदी, खोला, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गर्ने ।

४ खानी तथा खनीजजन्य पदार्थ स्थानिय तहबाट स्वीकृत प्राप्त गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने ।

५ हाल कायम सबै किसिमका वन पैदावर क्षेत्र (निजी जग्गामा भएको बाहेको) लाई वन क्षेत्रमा वर्गीकरण गर्ने ।

६ हाल उपयोगमा रहेका मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको खाली जग्गा, परापुर्वकाल देखिका ऐतिहासिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने ।

७ नेपाल सरकार उद्योग मन्त्रालय बाट स्वीकृत लिएर औद्योगिक क्रियाकलापमा प्रयोग भएको जग्गालाई औद्योगिक क्षेत्र निर्धारण गर्ने ।

८ हाल चलन चल्तीमा उपयोग भईरहेको पसल, बैंक तथा वित्तिय संस्था , होटल, रेष्टुरा, हाटबजार लाग्ने स्थल, चमेना गृह, खाजा तथा फस्टफुड घर, व्यावसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी तथा निजी जग्गा , निजी क्षेत्रबाट सचालित अस्पताल, विद्यालय, क्याम्पस, नर्सिङ होम, पोलिक्लिनिक, रेडीयो तथा टेलिभिजन ब्रोडकास्टिङ संस्था, इन्टरनेट सेवा प्रदायक संस्थालाई व्यावसायिक क्षेत्रमा वर्गीकरण गर्ने साथै पर्यटकीय गतिविधिमा उपयोग भईरहेको क्षेत्र र त्यसले चर्चेको जग्गालाई पनि व्यावसायिक क्षेत्रमा वर्गीकरण गर्ने ।

९. सम्भावित बजार क्षेत्रमा मुख्य चोक बाट १०० मिटरको दुरी सम्म सडकसंग जोडिएका कित्तालाई व्यावसायिक क्षेत्रमा विभाजन गर्ने र सो को लम्बवत् १०० मिटरको क्षेत्रलाई आवासीय क्षेत्रमा वर्गीकरण गर्ने ।

१०. यस गाउँपालिकामा रहेको बसोबास र बाटोलाई आधार मानेर तपसिलका मापदण्ड अनुसार क्षेत्रलाई आवासिय क्षेत्रमा वर्गीकरण गर्ने ।

क) प्रमुख राजमार्गको अधिकार क्षेत्र बाहेक त्यसको दायाँ बायाँ ३०० मिटरका क्षेत्र ।

ख) ९ मिटर देखि १६ मिटर चौडाई भएको सडकको अधिकार क्षेत्र बाहेक २०० मिटरको दायाँ बायाँको क्षेत्र ।

ग) ४ देखि ९ मिटर चौडाई भएको सडक अधिकार क्षेत्र बाहेक १०० मिटरको दायाँ बायाँको क्षेत्र।

घ) सडकको चौडाई ४ मिटर भन्दा सानो भएको सडकको अधिकार क्षेत्र बाहेक ५० मिटरको दायाँ बायाँको क्षेत्र ।

ङ) हाल अवासीय प्रयोगमा रहेको घर तथा त्यसले चर्चेको जग्गा, बस्तीको हकमा १०० मिटर (भू उपयोग ऐन २०७६ को आधारमा ) क्षेत्रलाई आवासिय क्षेत्रमा वर्गीकरण गर्ने ।

११. कुनै कित्ता दुई वा दुईभन्दा बढी क्षेत्रमा परेको खण्डमा निम्न प्राथमिकताको आधारमा वर्गीकरण गर्ने ।

क) आवासीय क्षेत्र ।

ख) व्यावसायिक क्षेत्र ।

ग) कृषि क्षेत्र ।

घ) सार्वजानिक उपयोगको क्षेत्र ।

यो मापदण्ड लक्ष्मीनियाँ गाउँपालिकाको भू उपयोग परिषद् बाट मिति ............................................ मा पारित गरिएको ।

लक्ष्मीनियाँ गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

Email-(laxminiyamun@gmail.com)

प.सं. ०७९/०८०

च.नं.:- १०६५

मिति : २०८०/११/२९

श्री नापीविभाग

मिनभवन,काठमाण्डौं ।

बिषय : कित्तागतविवरण तयारगर्न प्राविधिक सहयोग सम्वन्ध

उपरोक्त सम्वन्धमा यस गाउँपालिकामा भू-उपयोग क्षेत्र वर्गिकरण गरी तयारी अवस्थामाभएकोले कित्तानक्शासंग Overlay गरी कित्तागतविवरण तयार गर्नुपर्ने भएको हुँदाभू-उपयोग वर्गिकरण कार्यमाप्राविधिक सहयोग आवश्यकभएकोले प्राविधिककर्मचारी पठाई सहयोग गरीदिनु हुन अनुरोध छ ।

..........................

नागेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत